# बीमकको संस्थागत सुशासन सम्बन्धी (तेस्रो संशोधन) निर्देशिका, २०७९

<u>बीमा समितिबाट स्वीकृत मिति:</u> २०७९।०२।१०

<u>प्रस्तावना:</u> बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन २०४९ को दफा ८ को खण्ड (घ२)ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले देहायका निर्देशनहरू जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यी निर्देशनहरूको नाम "बीमकको संस्थागत सुशासन सम्बन्धी (तेस्रो संशोधन) निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

२. <u>बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को दफा ३ मा संशोधन:</u> बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को दफा ३ को उपदफा (३क) को सट्टा देहायको उपदफा (३क) राखिएको छ:-

"(३क) यो निर्देशिका प्रारम्भ हुनुअघि सञ्चालक पदमा नियुक्त वा मनोनित भई दुई वा सोभन्दा बढी कार्यकाल सञ्चालक वा अध्यक्ष भई सकेको व्यक्तिको हकमा निज पुनः सञ्चालक वा अध्यक्षमा नियुक्त वा मनोनित हुन सक्नेछैन ।

तर, यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६ बमोजिम बीमक गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रयोजनका लागि प्रकृया शुरू गरेका वा समितिबाट सैध्दान्तिक सहमति प्राप्त गरेका बीमकका हकमा गाभ्ने, गाभीने वा प्राप्ति गर्ने सम्बन्धी प्रकृया सम्पन्न नभएसम्म समितिको पूर्व स्वीकृति लिई तत्काल कार्यरत संचालक वा अध्यक्ष थप एक कार्यकालका लागि संचालक वा अध्यक्षमा नियुक्त वा मनोनयन हुन बाधा पु-याएको मानिने छैन ।"